## नेपाल प्रज्ञा-प्रतिष्ठान, प्राज्ञ परिषद्

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "नेपाल प्रज्ञा-प्रतिष्ठान आन्तरिक पर्यटन काजसम्बन्धी कार्यविधि-२०७९" रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–
(क) 'कलाकार तथा कर्मचारी' भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठानका स्थायी सेवामा कार्यरत कलाकार तथा कर्मचारीहरूलाई जनाउने छ ।
(ख) 'पर्यटन काज' भन्नाले नेपाल सरकारको आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यको बुँदा नं. १४७ कार्यान्वयनका लागि यस कार्यविधिबमोजिम पर्यटन काजमा पठाउने कार्य सम्झनुपर्दछ ।
(ग) 'प्रतिष्ठान' भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठान सम्झनुपर्दछ ।
(घ) 'परिवारका सदस्य' भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठान कलाकार तथा कर्मचारी सेवासम्बन्धी (पाँचौं संशोधन) नियमावली २०७७ को नियम ७२ को उपनियम २ बमोजिमको कलाकार तथा कर्मचारीका परिवारलाई सम्झनुपर्दछ ।

३. **भ्रमण गर्ने अवधि र स्थान**
(क) यस कार्यविधिबमोजिम पर्यटन काजमा जाने अवधि बढीमा दश दिनको हुने छ ।
(ख) यस कार्यविधिबमोजिम पर्यटन काजमा जाने कलाकार तथा कर्मचारीहरूले आफ्नो स्थायी बसोबास भएको जिल्ला र आफ्नो ससुराली र माइत रहेको जिल्ला बाहेकका नेपालभित्रका जुनसुकै जिल्लाका पर्यटकीय स्थलहरूमा जानुपर्ने छ ।

४. **निवेदन दिई स्वीकृत गराउनुपर्ने**
(१) यस कार्यविधिबमोजिम पर्यटन काजमा जानचाहने कलाकार तथा कर्मचारीले अनुसूची-१ बमोजिमको ढाँचामा पर्यटन काज निवेदन पेस गर्नुपर्ने छ ।
(२) उपनियम १ बमोजिमको निवेदन स्वीकृत गर्ने पदाधिकारी राजपत्र अनङ्कित र श्रेणीविहीन कलाकार तथा कर्मचारीका हकमा प्रशासन प्रमुख र राजपत्राङ्कित कलाकार तथा कर्मचारीका हकमा सचिव हुने छ ।
(३) उपनियम १ बमोजिमको निवेदन स्वीकृत गर्दा कार्यालयको दैनिक काम कारबाहीमा असर नपुग्ने गरी मात्र निवेदन स्वीकृत गर्नुपर्ने छ ।
(४) कुनै पनि कलाकार तथा कर्मचारीले एक आर्थिक वर्षमा बढीमा १० दिन पर्यटन काज पाउने छ । यसरी काज उपभोग गर्दा ५/५ दिन गरी दुई पटक वा एकै पटक १० दिन लिने सक्ने छ ।
(५) पर्यटन काज लिने कलाकार तथा कर्मचारीले प्रज्ञा-प्रतिष्ठानमा कम्तीमा एक वर्ष सेवा पूरा गरेको हुनुपर्ने छ ।

५. **प्रतिवेदन पेस गर्नुपर्ने :** यस कार्यविधिबमोजिम पर्यटन काज लिई जाने कलाकार तथा कर्मचारीले भ्रमण सम्पन्न भएपछि अनुसूची-२ बमोजिमको प्रतिवेदन तयार गरी प्रज्ञा-प्रतिष्ठानमा पेस गर्नुपर्ने छ ।

६. **प्रतिवेदनको अभिलेख राख्ने :** नियम ५ बमोजिमको प्रतिवेदन प्राप्त भएपछि प्रज्ञा-प्रतिष्ठानले अनुसूची- ३ बमोजिमको ढाँचामा प्रतिवेदनको अभिलेख राख्नुपर्ने छ ।

७. **भ्रमण खर्च पाउने :**
(१) यस कार्यविधिबमोजिम पर्यटन काजमा जाने कलाकार तथा कर्मचारीले निजको खाइपाई आएको तलबको दश दिन बराबरको पारिश्रमिक रकम भ्रमण खर्चबापत पाउने छ । यस्तो खर्चको बिल भर्पाई पेस गनुपर्ने छैन ।
(२) उपनियम १ बमोजिम पाउने भ्रमण खर्च कलाकार तथा कर्मचारीले अग्रिम पेस्कीका रूपमा वा भ्रमण सकेर फर्किएपछि प्रतिवेदन बुझाएपश्चात् पाउने छन् तर पेस्की लिने कलाकार तथा कर्मचारीका हकमा प्रतिवेदन पेस गरेपश्चात् पेस्की फछ्र्योट हुने छ र प्रतिवेदन पेस नगर्ने कर्मचारीका हकमा पेस्कीबापतको रकम सरकारी बाँकीसरह मानी असुलउपर गरिने छ ।
(३) पर्यटन काजमा जाने कलाकार तथा कर्मचारीले यसै कार्यविधिबमोजिमको सुविधासहित आफूसमेत दुई जनामा नबढ्ने गरी परिवारका सदस्यलाई सहभागी गराउन सक्ने छ । यसरी भ्रमणमा सहभागी हुने कलाकार तथा कर्मचारीका परिवार सदस्यलाई यातायात खर्चबापत एकमुष्ट २,०००/- (दुई हजार मात्र) र कर्मचारी तथा कलाकार सदस्यलाई दैनिक यातायात खर्चबापत प्रतिदिन रु. १,०००/- (एक हजार मात्र) उपलब्ध गराइने छ ।

८. **रकम निकासा :** भ्रमणमा जाने कलाकार तथा कर्मचारीको भ्रमण काज स्वीकृति भएपश्चात् कार्यविधिको बुँदा नं. ७ बमोजिमको रकम आर्थिक प्रशासन महाशाखाले निकासा दिने छ ।

प्राज्ञ परिषद्को बैठक सङ्ख्या- ५६/०७९

प्रा. सदस्य सचिव
नेपाल प्रज्ञा-प्रतिष्ठान

९. **भ्रमण जाने कलाकार तथा कर्मचारीकको कर्तव्य र आचारसंहिता :** यस कार्यविधिबमोजिम भ्रमणमा जाने कलाकार तथा कर्मचारीको कर्तव्य र आचारसंहिता देहायबमोजिम हुने छ :

(क) स्वीकृत पर्यटन काजबमोजिमको अवधिसम्म भ्रमण गर्ने,

(ख) भ्रमण अवधिभर पर्यटकीय स्थल, पर्यटन व्यवसायी तथा अन्य व्यक्तिलाई नकारात्मक असर पर्ने कार्य गर्न नहुने,

(ग) प्रचलित कानुन विपरीतका कुनै पनि गतिविधि नगर्ने/नगराउने ।

(घ) भ्रमणमा गएका कलाकार तथा कर्मचारीले जुनसुकै समयमा पनि कार्यालयको आवश्यकताअनुसार सम्पर्कमा रहने,

(ङ) अनुसूची-१ मा प्राथमिकता क्रममा उल्लिखित स्थानहरूमा तोकिएको अवधिसम्म भ्रमण गर्ने,

(च) भ्रमणमा गएका कलाकार तथा कर्मचारीले भ्रमण सकेर फर्किसकेपछि भ्रमणका क्रममा देखेका/भोगेका र त्यसबाट शिक्षा प्राप्त गरेका विषयहरू समेटिएको सङ्क्षिप्त प्रतिवेदन तयार गरी नेपाल प्रज्ञा-प्रतिष्ठानमा बुझाउनुपर्ने छ । उक्त प्रतिवेदनमा भ्रमणमा गएको स्थानको परिचय, सांस्कृतिक, पुरातात्त्विक र ऐतिहासिक महत्त्वका विषय र प्राकृतिक, भौगोलिक अवस्थितिका सम्बन्धमा तस्बिरसहित विश्लेषण गरेको हुनुपर्ने छ ।

१०. **आवश्यक व्यवस्था मिलाउने :** यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्चन आइपरेमा प्राज्ञ परिषद्ले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्ने छ । कार्यविधिको व्याख्या गर्ने अधिकार प्राज्ञ परिषद्लाई रहने छ ।

अनुसूची-१

(नियम ४ को उपनियम १ र नियम ९ को खण्ड (ङ) सँग सम्बन्धित)

पर्यटन काज भ्रमणमा जान चाहने कलाकार तथा कर्मचारीले दिने निवेदनको नमुना

श्री सदस्य सचिवज्यू/प्रशासन प्रमुखज्यू
नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं

## विषय : पर्यटन काज भ्रमणमा जान पाऊँ ।

महोदय,

उपर्युक्त सम्बन्धमा नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा जारी गरिएको "नेपाल प्रज्ञा-प्रतिष्ठान आन्तरिक पर्यटन काजसम्बन्धी कार्यविधि-२०७९" अन्तर्गत हुने गरी देहायको प्राथमिकताक्रमअनुसारको पर्यटकीय स्थलमा मिति ......... देखि ... मिति .............. ( ...... दिन) सम्म आन्तरिक पर्यटन काज भ्रमणमा जान इच्छुक रहेकाले सोका निम्ति काजसहित भ्रमण खर्चसमेत व्यवस्था मिलाइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**भ्रमण गर्ने स्थानको प्रथमिकताक्रम निर्धारण**

१.
२.
३.
४.
५.
६.

निवेदक
दस्तखत :

नाम :

पद/तह/श्रेणी :
शाखा/महाशाखा
मिति :

...................
महाशाखा/शाखा प्रमुख/
सिफारिस गर्ने

...................
सदस्य सचिव/प्रशासन प्रमुख
स्वीकृति दिने

प्र. सदस्य सचिव
नेपाल प्रज्ञा-प्रतिष्ठान

प्राज्ञ परिषद्को बैठक सङ्ख्या- ५६/०७९